# २० औ बैठक

आज मिति २०७५।०३।०९ गतेका दिन दिउँसो ३:३० बजेको समयमा धनगढी उप महानगरपालिकाका नगर प्रमुख श्री नृप बहादुर वडज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसि देहाय अनुसारका निर्णयहरु गरियो ।

उपस्थिति :

| क्र.सं. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री नृप बहादुर वड | नगर प्रमुख | | |
| २ | श्री शुसिला मिश्र भट्ट | नगर उप-प्रमुख | | |
| ३ | सन्तोष मुडभरी | कार्यपालिका सदस्य | | |
| ४ | नर बहादुर बम | कार्यपालिका सदस्य | | |
| ५ | बल बहादुर ऐर | कार्यपालिका सदस्य | | |
| ६ | दिपक कुमार थाप क्षेत्री | कार्यपालिका सदस्य | | |
| ७ | हिरा सिंह पातली | कार्यपालिका सदस्य | | |
| ८ | भागीराम चौधरी | कार्यपालिका सदस्य | | |
| ९ | सिताराम राना | कार्यपालिका सदस्य | | |
| १० | नारायण वराल | कार्यपालिका सदस्य | | |
| ११ | प्रेम भण्डारी | कार्यपालिका सदस्य | | |
| १२ | राजेन्द्र राना | कार्यपालिका सदस्य | | |
| १३ | गंगा राम राना | कार्यपालिका सदस्य | | |
| १४ | गणेश प्रसाद जोशी | कार्यपालिका सदस्य | | |
| १५ | बिजय राज जोशी | कार्यपालिका सदस्य | | |
| १६ | राम बजारी चौधरी | कार्यपालिका सदस्य | | |
| १७ | फुल राम चौधरी | कार्यपालिका सदस्य | | |
| १८ | लक्ष्मी नारायण चौधरी | कार्यपालिका सदस्य | | |
| १९ | माधव राना | कार्यपालिका सदस्य | | |
| २० | मुरारी अधिकारी | कार्यपालिका सदस्य | | |

Scanned by CamScanner

**प्रस्ताव नं. .२०.१.**

"घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्रको वाक्यांश थप संसोधन गर्ने सम्बन्धमा ।

**निर्णय नं. .२०.१**

"घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधि २०७४को अनुसूचि ५ को देहाय ३ को "क" उक्त साधनहरु भाडामा लिएको अवस्थामा पनि मान्य हुने भन्ने वाक्यांश थप संसोधनं गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. .२०.२**

"घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र दिने सम्बन्धमा ।

**निर्णय नं. .२०.२**

"घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धित कार्यविधि २०७४ को बुंदा २ बमोजिम "घ" वर्गको इजाजत पत्र पाउँ भनि पर्न आएका दरखास्त उपर सोही कार्यविधिको बुंदा २ बाट इजाजत पत्र दिने भनि सिफारिस भई आएकाले देहाएका व्यवसायीहरुलाई इजाजत पत्र दिन निर्णय गरियो ।

तपसिल

(१) बि.एन.के.कन्स्ट्रक्सन ध.उ.म.न.पा.-३ , कैलाली (प्रो. बिबेक नाथ कुँवर )

(२) बैजनाथ कन्स्ट्रक्सन ध.उ.म.न.पा.-४ , कैलाली (प्रो. मान बहादुर साउँद )

(३) सु.प.निर्माण सेवा ध.उ.म.न.पा.-२ , कैलाली (प्रो. बम बहादुर कठायत )

(४) वन देवी निर्माण सेवा ध.उ.म.न.पा.-३ , कैलाली (प्रो. राजमती देवी विष्ट )

(५) मंगनेश्वर निर्माण सेवा ध.उ.म.न.पा.-१ , कैलाली (प्रो. सुरज मढिकर्मी )

(६) आर. डि. एस. निर्माण सेवा ध.उ.म.न.पा.-६ , कैलाली (प्रो. रोशन कुमार चौधरी )

(७) कालिका निर्माण सेवा ध.उ.म.न.पा.-२ , कैलाली (प्रो. दिपक कुमार रावत )

(८) सनराईज निर्माण सेवा ध.उ.म.न.पा.-४ , कैलाली (प्रो. वसन्त सिंह कार्की )

(९) कालिका कन्स्ट्रक्सन ग्रुप ध.उ.म.न.पा.-५ , कैलाली (प्रो. तर्क बहादुर शाह )

(१०) रिशव निर्माण सेवा ध.उ.म.न.पा.-५ , कैलाली (प्रो. सुधिराम चौधरी )

(११) किसोर निर्माण सेवा ध.उ.म.न.पा.-१० , कैलाली (प्रो. शिव कुमार राना )

(१२) अक्षित कन्स्ट्रक्सन ध.उ.म.न.पा.-५ , कैलाली (प्रो. गजेन्द्र शाही )

(१३) वडातेडी डुडे कन्स्ट्रक्सन प्रा.लि. ध.उ.म.न.पा.-१ , कैलाली (प्रो. मुकेश बोगटी / प्रविन बलायर )

(१४) कञ्चनकन्सल्यान्ट एण्ड कन्स्ट्रक्सन प्रा.लि. ध.उ.म.न.पा.-२ , कैलाली (प्रो. दान बहादुर धामी )

Scanned by CamScanner

**प्रस्ताव नं. .२०.३**

कार्यविधिका सम्बन्धमा ।

**निर्णय नं. .२०.३**

यस धनगढी उप महानगरपालिकाको विभिन्न मितिमा बसेको विधेयक समितिले तपसिलका कार्यविधिहरु स्वीकृतिका लागि सिफारिश गरेकोले स्वीकृत गर्ने निर्णय गरियो ।

**तपसिल**

(१) धनगढी उप-महानगरपालिका गुनासो सम्बोधन तथा व्यवस्थापन कार्यविधि २०७५ ।

(२) गैरसरकारी संस्था समन्वय कार्यविधि २०७५ ।

**प्रस्ताव नं. .२०.४**

नगर सभामा पेश गर्ने नीति , बजेट तथा कार्यक्रम सम्वन्धमा ।

**निर्णय नं. .२०.४**

धनगढी उ.म.न.पा.न.का.पा.को आगामि आ.ब. २०७५/०७६ को तपसिलका नीति , बजेट तथा कार्यक्रमहरु स्वीबृतिका लागि सिफारिस गरेकोले स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

१) नीति , बजेट तथा कार्यक्रमहरु

२) आर्थिक विधेयक २०७५

३) विनियोजन विधेयक २०७५

४) सहकारी ऐन २०७४ लाई संसोधन गर्न बनेको सहकारी विधेयक २०७५

**प्रस्ताव नं. २०.५ कार्यक्रम सञ्चालन सम्वन्धमा**

**निर्णय नं. २०.५**

यस धनगढी उप-महानगरपालिकामा विभिन्न समयमा कार्यक्रम सञ्चालनका लागि आर्थिक सहयोग_माग भै आएकाले देहाय बमोजिमको अनुदान सहयोग स्वीकृत गर्ने निर्णय गरियो ।

| सि.न. | संघ संस्थाको नाम | रकम रु | शिर्षक |
|---|---|---|---|
| १ | दलित युवा विद्यार्थी मन्च,नेपाल | १०,०००। | अन्य समाजिक संघ संस्था |
| २ | धनगढी महिला जेसिस | ३००००। | अन्य समाजिक संघ संस्था |
| ३ | तिज कार्यक्रमका लागि सहयोग - महिला तिज कार्यक्रम प्रत्येक तिज कार्यक्रमका समूहहरुलाई रु २००० का दरले ) | २०००। | अन्य समाजिक संघ संस्था |
| ४ | करेन्ट लागेर मृत्यु भएका वडा नं.११ का मृतकका परिवारलाई | ५००००। | अन्य समाजिक संघ संस्था |
| ५ | करेन्ट बाट घाईतेलाई (घाईते ३ जना ) | २५०००। | अन्य समाजिक संघ संस्था |
| ६ | न.पा.कार्यालयको टस्ट निर्माणका घाईते (बल बहादुर चौधरीलाई) | २५०००। | अन्य समाजिक संघ संस्था |
| ७ | पत्रकार महासंघ प्रदेश नं.७ को फर्निचर | २००००। | अन्य समाजिक संघ संस्था |
| ८ | जेष्ठ नागरिकलाई फिज खरिदका लागि | २५०००। | विभिन्न संघ संस्था |

Scanned by CamScanner

**प्रस्ताव नं. २०.६ नयाँ योजना सम्वन्धमा**

**निर्णय नं. २०.६**

विनियोजित बजेटबाट कार्य गर्दै जादा धनगढी उ.म.न.पा.वडा नं. ५ शिव वाटिका टोलको खल्लामा माटो भरान र ग्राभेल गर्ने कार्य गर्न अति आवश्यक भएकाले सो नयाँ कार्यका लागि रु. २,२०,०००।- को योजना स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०.६.१**

देवहरिया सल्लाको रुख देखि देवहरिया गौडी जाने बाटो १४० मिटर कालोपत्रे कार्यका लागी ५ लाख थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०.६.२**

शिव पार्वती मन्दिर , वडा नं. १५, उर्मामा मन्दिरको भवन निर्माण कार्यका लागि रु. नब्बे हजार थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०.६.३**

यस धनगढी उ.म.न. वडा नं. १९ मा आ.व. २०७४ को कार्यक्रम अनुसार शिवशान्ति विकास मञ्च, नेपालको भवन निर्माण कार्य मिति २०७४/०९/०७गतेमा सम्झौता भई सम्पन्न भएको र वडा स्तरिय अनुगमन समितिबाट भुक्तानी तथा फरफारकका लागि सिफारिस भई प्राविधिक मुल्याङ्कन समेत पेश भएको तथा समय-समयमा अनुगमन गर्दा योजना कार्य सन्तोष जनक रुपमा सम्पन्न भएको पाईएकाले शिवशान्ति विकास मञ्च भवन निर्माण ,वडा नं.१९ ले काम गरे अनुसारको रकम मध्ये ल.ई. ७३६७६८।२१ , धनगढी उ.म.न.पा.ले व्यहोर्ने रु. ६,६०,०००।- तथा उ.स.ले व्यहोर्ने रु.७६,७६८।-रहेकाले नियमानुसार रु. ६,६०,०००।- भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २०.६.४**

आँखा सिविर तथा निशुल्क औषधी वितरण कार्यक्रम संचालनका लागि धनगढी नेत्रालय प्रा.लि. आँखा अस्पताल, ध.उ.म.न.पा.-३ , चटकपुर , कैलालीलाई रु. २५,०००।- अक्षरेपी पच्चीस हजार मात्र दिने निर्णय गरियो ।

**प्रस्ताव नं. २०.७ योजनाका सम्वन्धमा**

**निर्णय नं. २०.७**

धनगढी उप महानगरपालिका वडा नं.१४ सि गाँउ स्थित श्री स्थित श्री सर्वोदय मा.वि.र सोही ठाँउको बाटोमा रु २,९६,५००। ( दुई लाख छियानब्बे हजार पाँच सय मात्र )रकम बराबरको माटो पटान कार्यका लागि रकम विनियोजन गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

प्रस्ताव नं. २०.८

नीति, बजेट तथा कार्यक्रमका सम्बन्धमा ।

निर्णय नं. २०.८

धनगढी उप-महानगरपालिकाको स्थानीय राजश्व परामर्श समिति,बजेट तथा कार्यक्रम तर्जुमा समिति, विधेयक समिति, , सुशासन समितिको बैठकबाट सिफारिश भै आएका आर्थिक विधेयक२०७५ ,विनियोजन विधियक २०७५ ,तथा नीति बजेट कार्यक्रम माथि व्यापक छलफल भै स्वीकृतिका लागी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २१.८

दरबन्दि तेरिज र संगठन स्वरुपका सम्बन्धमा ।

निर्णय नं. २१.८

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलको च.न. ५८१९ मिति २०७४।१२।१९ को पत्रानुसार यस उप महानगरपालिका कार्यालयका लागि अन्तरिम दरबन्दि तेरिज र संगठन स्वरूपलाई सुशासन समितिले स्वीकृतीका लागि पेश गरेको संगठन स्वरूप, तथा दरबन्दि तेरीजमा माथि व्यापक छलफल भै स्वीकृतका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

Scanned by CamScanner